नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (र्‍यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३/०५/१५ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | नेचुरल नेपाल अचार उद्योग, मध्यपुरठिमी-५ भक्तपुर | • खाद्य अनुमतिपत्र नलिई उद्योग संचालन तथा धेरै वटा उद्योग संचालन गरेको भन्ने बारे परेको गुनासो सम्बन्धमा अनुगमन गर्दा खाद्य अनुमतिपत्र प्राप्त गरी उद्योग संचालन गरेको पाइयो<br>• अनुमतिपत्रमा उल्लेख भए बाहेकको अचारको नमुना परिक्षण उत्पादन गरेको तर बिक्रीवितरण नगरेको पाइयो<br>• सरसफाईको अवस्था सामान्य रहेको पाइयो<br>• उजुरीमा उल्लेखित अन्य परिकार उत्पादन नभएको पाइयो। | • अनुमतिपत्रमा उल्लेख भए बाहेकको अचारको परिकार उद्योग परिसर बाट हटाउन निर्देशन दिइयो। |
| २. | नेचुरल नेपाल फुड प्याकेजिङ्ग उद्योग मध्यपुरठिमी-५ भक्तपुर | • खाद्य अनुमतिपत्र नलिई उद्योग संचालन तथा धेरै वटा उद्योग संचालन गरेको भन्ने बारे परेको गुनासो सम्बन्धमा अनुगमन गर्दा खाद्य अनुमतिपत्र नलिई भुजा प्याकेजिङ्ग सुरुवात गरेको पाइयो तर बिक्रीवितरण नगरेको पाइयो<br>• अन्दाजी तिन हजार (३,०००) के जी भुजा कच्चा पदार्थको रुपमा परिसरमा रहेको<br>• सरसफाईको अवस्था सामान्य रहेको पाइयो<br>• उजुरीमा उल्लेखित अन्य खाद्य पदार्थ प्याकेजिङ्ग नगरेको पाइयो। | • अनुमतिपत्र नलिई प्याकेजिङ्ग सुरु गरेको भुजा पन्ध्र (१५) दिन भित्र स्थानीय प्रशासनको रहोबरमा फिर्ता गर्न निर्देशन दिइयो<br>• अनुमतिपत्र प्राप्त नहुदा सम्म उत्पादन तथा बिक्रीवितरण रोक्का राख्न |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः दुई (२) वटा** | | | |

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०५/२४

## अनुगमनका केहि झलकहरु:





